# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २४] काठमाडौं, असोज १४ गते २०३१ साल [संख्या २५

श्री ५ को सरकार

### खाद्य, कृषि तथा सिंचाइ मन्त्रालयको

### सूचना

### नहर सञ्चालन नियमावली, २०३१

नहर तथा विद्युत् र तत्सम्बन्धी जलस्रोत ऐन, २०२४ को दफा १४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यी नियमहरूको नाम "नहर सञ्चालन नियमावली, २०३१" रहेको छ ।

(२) यो नियमावली श्री ५ को सरकारले सञ्चालन गरेको नहर क्षेत्रमा लागू हुनेछ ।

(३) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा–

(क) "ऐन" भन्नाले "नहर तथा विद्युत र तत्सम्बन्धी जलस्रोत ऐन, २०२४" सम्झनुपर्छ ।

(ख) "नहर" भन्नाले देहायका कुरा सम्झनुपर्छ –

(१) पानी जम्मा गर्न वा बाँड्नको निमित्त श्री ५ को सरकारले वा श्री ५ को सरकारको अनुमति प्राप्त गरी कुनै व्यक्तिले बनाएको वा नियन्त्रण गरेको नहर, कुलो र रिजरभ्वायर ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(२) नहर, कुलो वा रिजरभ्वायरसंग जोडिएको बाँध, ढोका, पैन, हल र अरू निर्माण कार्य ।

स्पष्टिकरणः– "पैन" भन्नाले नहरबाट पानी जाने सानो कुलो र "बाँध" भन्नाले नहर वा कुलोको बन्दोबस्त गर्न नदीको धार नियन्त्रण गर्न निर्माण भएको कुनै किसिमको छेका सम्झनुपर्छ ।

(ग) "नहर अधिकृत" भन्नाले श्री ५ को सरकारले नहरको निर्माण, नियन्त्रण र रेखदेख गर्न नियुक्त गरेको अधिकृत सम्झनुपर्छ ।

(घ) "जग्गावाला" भन्नाले जग्गा जुन व्यक्तिको नाममा दर्ता छ सो व्यक्ति सम्झनुपर्छ र यो शब्दले त्यस्तो जग्गा भोग चलन गर्ने व्यक्तिलाई समेत जनाउँछ ।

३. जलस्रोतको उपयोगः– (१) श्री ५ को सरकारले सिंचाइको व्यवस्था गर्न कुनै जलस्रोत उपयोग गर्ने उद्देश्यले नहर निर्माण गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निर्माण भएको वा निर्माण हुने नहरको निर्माण क्षेत्र, स्थायीत्व एवं उपयोगितालाई घटाउने वा प्रतिकूल असर पर्नसक्ने कुनै कार्य कसैले गर्न हुँदैन ।

४. सिंचाइको लागि दरखास्त दिनु पर्नेः– नियम ३ बमोजिम श्री ५ को सरकारले निर्माण गरेको नहर वा कुनै नेपाल कानून अन्तर्गत गठन भएको समितिले निर्माण वा नियन्त्रण गरेको नहरको पानी सिंचाइको रूपमा प्रयोग गर्न चाहने व्यक्तिले अनुसूची बमोजिमको ढाँचामा सम्बन्धित नहर कार्यालयमा दरखास्त दिनुपर्छ ।

तर नयाँ पैन बनाई नहरको पानीबाट सिंचाइ गर्न चाहने व्यक्तिले अनुसूची बमोजिमको दरखास्त दिंदा देहायका कुराहरू समेत उल्लेख गर्नुपर्छः–

(क) जुन जग्गाबाट पैन लैजान चाहेको हो सो जग्गाको जग्गावाला सहमत भए नभएको वा निजले राखेको कुनै शर्त,

(ख) पैन बनाउने जग्गा सम्बन्धित जग्गावालासंग नहर अधिकृतले लिई दिनु पर्ने वा नपर्ने,

(ग) पैन बनाउँदा लाग्ने सबै खर्च व्यहोर्न मञ्जूरीको साथ आफ्नो समर्थता, र

(घ) खण्ड (ख) बमोजिम नहर अधिकृतले पैन बनाउने जग्गा लिई दिएमा सो जग्गाको क्षतिपूर्ति दिन मञ्जूर भएको ।

५. पानीको वितरण व्यवस्थाः– (१) नियम ४ बमोजिमको दरखास्त पर्न आएमा सिंचाइ गरिने जग्गाको देहायको कुरा विचार गरी नहर अधिकृतले मनासिब ठहराएबमोजिमको परिमाणमा सिंचाइको लागि पानीको पालो पाली मिलाई बाँडफाँट गरी दिनुपर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(क) क्षेत्रफल,

(ख) बालीको किसिम,

(ग) माटोको प्रकृति, र

(घ) नहरमा उपलब्ध रहेको पानीको परिमाण ।

(२) उपनियम (१) बमोजिम बाँडफाँट गरिएको पानी जतिसुकै समयसम्म चलन गरे पनि सो पानीमा दरखास्तवाला व्यक्तिको हक कायम हुने छैन ।

६. पानी पोत र सो बुझाउने म्यादः– (१) नहरको पानीबाट सिचाइ गर्ने व्यक्तिले सो सिचाइ गरे बापत पानी पोत तिर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम लिईने पानी पोतको अङ्क, सो असूल गर्ने तरीका र बुझाउनु पर्ने म्याद श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकी दिएबमोजिम हुनेछ ।

(३) उपनियम (२) बमोजिमको म्यादभित्र पानी पोत नबुझाउने व्यक्तिसंग सो पानी पोत सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

७. पानी पोत असूल गर्न बाधा नहुनेः– देहायको अवस्थामा कुनै व्यक्तिसंग पानी पोत असूल गर्न बाधा भएको मानिने छैन :–

(क) नियम ४ बमोजिम दरखास्त नदिएको भए पनि कुनै व्यक्तिले नहरको पानीबाट आफ्नो जग्गा सिचाइ गरेको रहेछ वा

(ख) कुनै व्यक्तिको जग्गाबाट पैन लगिनु पर्ने बाध्यता भई निजको जग्गाको सिचाइ हुन गएको छ र त्यस्तो सिचाइबाट निजले लाभ उठाएको छ वा

(ग) नियम ५ बमोजिम प्राप्त गरेको पानी जग्गावालाको आवश्यकता–नुसारको परिमाणमा वा उपयुक्त समयमा उपलब्ध नभएमा ।

८. नहर कार्यालयमा सूचना दिनु पर्नेः– (१) नियम ५ बमोजिम प्राप्त भएको पानीबाट सिचाइ हुन नसकेकोमा वा अपूर्ण रूपले सिचाइ भइरहेकोमा सो जग्गावालाले सिचाइ हुन नसकेको मितिदेखि पन्ध्र दिनभित्र सम्बन्धित नहर कार्यालयमा लिखित सूचना दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचना प्राप्त हुन आएमा नहर अधिकृत वा निजले खटाएको कर्मचारी उक्त जग्गामा गई आवश्यक जाँचबुझ गरी सिचाइको व्यवस्था मिलाई दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम जाँचबुझ गर्दा जग्गाको सिचाइ हुन नसक्ने अवस्था देखिएमा सो जग्गाको लगत अभिलेख किताब (रेकर्ड बुक) मा राखी सो जग्गामा लाग्ने पानी पोत पूरै छुट दिनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

तर जग्गाको केही भागमा मात्र सिचाइ भएकोमा सो सिचाइ भएजति जग्गाको पानी पोत तिर्नु पर्नेछ ।

९. पञ्चायतले सहयोग दिनु पर्ने:– (१) नहर अधिकृतले देहायको अवस्थामा काम गर्ने मजदूर जुटाई दिनको लागि लिखित अनुरोध गरेमा आफ्नो क्षेत्रभित्रका मजदूरहरू जुटाई सहयोग दिनु सम्बन्धित पञ्चायतको कर्तव्य हुनेछ ।

(क) कुनै मर्मत वा निर्माणसम्बन्धी काम तत्काल नगरिएमा नहरलाई खतरा उत्पन्न हुने भई एक्कासी विस्तृतरूपमा सार्वजनिक क्षति हुन जाने भएमा वा

(ख) नहर निर्माण वा मर्मतसम्बन्धी कामको लागि चाहिने मजदूर साधारणरूपले नपाइने भएमा ।

(२) उपनियम (१) बमोजिम पञ्चायतले उपलब्ध गराई दिएको मजदूरलाई स्थानीय दरअनुसारको ज्याला दिइनेछ ।

१०. नहर सुरक्षाको लागि निषेध गर्न सकिने:– (१) नहर अधिकृतले नहरको सुरक्षाको लागि देहायको सबै वा कुनै काम गर्न नपाउने गरी निषेध गर्न सक्नेछ:–

(क) नहर वा नहरले चर्चेको जग्गामा अनधिकृत रूपमा कसैले प्रवेश गर्न, कुनै प्रकारले भोग चलन गर्न,

(ख) नहर भत्काउने, बन्द गर्ने वा त्यसमा अरू कुनै कुराको हेरफेर गर्न,

(ग) नहरमा आउने जाने पानी घटाउन, बढाउन वा त्यसमा बेहिसाब गर्न,

(घ) नहरको पानी जुन कामको लागि लिइएको छ, त्यस्को निमित्त कम उपयोगी हुने गरी सो पानी खराब वा फोहर गर्न,

(ङ) नहर कार्यालयद्वारा राखिएको संकेत वा चिन्हो विगार्न वा सार्न,

(च) नहरमा पानीको प्रवाह नियन्त्रित गर्ने वा नाप्ने कुनै यन्त्र वा सो यन्त्रको कुनै कल पूर्जालाई चलाउन, विगार्न वा सार्न,

(छ) निषेध गरिएको नहर क्षेत्रमा वस्तुभाउ हिँडाउन, चराउन वा छाडा छाड्न,

(ज) नहर क्षेत्रमा सवारी चलाउन,

(झ) नहर क्षेत्रमा रहेको रूख, विरूवा, घाँसपात उखेल्न, काट्न वा विगार्न,

(ञ) नहरको डिल काट्ने वा नहरबाट पानी जाने वा नहरमा पानी आउने स्रोतहरू अदल बदल गर्न वा त्यस्तो कुराको प्रयास गर्न,

(ट) नहरको स्थायित्वमा प्रतिकूल असर पर्ने वा जोखिम पुर्‍याउन वा त्यस्ता कुराको प्रयास गर्न,

५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ठ) नहरलाई कम उपयोगी तुल्याउने गरी नदी खोलाको धारमा अवरोध खडा गरी नियन्त्रण गर्न वा हेरफेर गर्न,

(ड) प्राकृतिक रूपमा बग्ने वा जम्मा हुने पानी भएमा नदी खोला, नाला छहरा, ताल र पोखरीको पिंधको जग्गा वा त्यस्को केही भागलाई कुनै किसिमसंग च्याप्ने मिच्ने काम गर्न,

(२) उपनियम (१) बमोजिम निषेध गरिएको कुराको सूचना सर्वसाधारणको जानकारीको लागि सम्बन्धित क्षेत्रको मुख्य मुख्य ठाउँमा टाँसी दिनु पर्नेछ र सोको बोधार्थ प्रति सम्बन्धित गाउँ पञ्चायत, जिल्ला पञ्चायत र प्रमुख जिल्ला अधिकारीको कार्यालयमा पठाउनु पर्नेछ।

(३) नहर अधिकृतले नहर सञ्चालनको आवश्यक व्यवस्था मिलाई उपनियम (१) बमोजिम लगाइएको केही निषेध हटाउन सक्नेछ।

११. पक्राउ गर्न सकिने:– नियम १० बमोजिम निषेध गरिएको काम गर्ने व्यक्ति वा निषेध गरिएको ठाउँमा चलाएको सवारी र चरिरहेको वा छाडा छोडिएको गाई वस्तुलाई नहरको रेखदेख गर्न नियुक्त कर्मचारीले पक्राउ गरी नहर अधिकृतसमक्ष लग्न सक्नेछ।

१२. क्षतिपूर्ति लिन सकिने:– (१) निबम १० बमोजिम निषेध गरिएको काम गर्ने व्यक्तिबाट भएको हानी-नोक्सानी बापत नहर अधिकृतले क्षतिपूर्ति लिन सक्नेछ।

(२) नियम ११ बमोजिम पक्राउ गरिएको गाई वस्तुहरू सो गाई वस्तुका धनीले तीन दिनभित्र लिन आएमा नहर अधिकृतले क्षतिपूर्ति बापत एक रूपैयाँदेखि पचास रूपैयाँसम्म असूल गरी छाडी दिनु पर्नेछ। सो अवधिभित्र लिन नआएमा सम्बन्धित गाउँ पञ्चायत वा नजिकको कुनै सरकारी कार्यालयको प्रतिनिधि राखी लिलाम गरिनेछ र सो लिलामबाट प्राप्त भएको रकम श्री ५ को सरकारको सर्व सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ।

(३) उपनियम (१) र (२) बमोजिमको क्षतिपूर्तिको रकम नबुझाउने व्यक्तिसंग सो क्षतिपूर्तिको रकम सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची

(नियम ४ संग सम्बन्धित)

श्री नहर अधिकृतज्यू,

नहर कार्यालय

. . . . .

. . . . . .

विषयः– सिचाइ गर्न पानी पाउँ ।

देहायमा उल्लेख भएको जग्गाको निमित्त सिचाइ गर्न पानीको आवश्यक भएकोले दरखास्त पेश गर्न आएको छु। छौं । तोकिएको पानीपोत बुझाउन मञ्जूर गर्दछु। छौं । व्यहोरा झुट्टा ठहरे प्रचलित नेपाल कानूनबमोजिम सहुँला बुझाउँला ।

१. दरखास्तवालाको:–

नामः–

थरः–

ठेगानाः–

पेशाः–

२. पानी उपयोग गर्ने ठाउँः–

अञ्चलः–

जिल्लाः–

स्थानः–

जग्गाको क्षेत्रफलः–

. . . . . . .

दरखास्तवालाको सही

आज्ञाले–

कर्णध्वज अधिकारी

श्री ५ को सरकारको का.मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

श्री ५ को सरकार
## खाद्य कृषि तथा सिचाइ मन्त्रालयको
## सूचना

कर्णाली जलस्रोत सर्भे विकास समिति (गठन) आदेश २०२१ को दफा २ (३) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले उक्त गठन आदेशको दफा २ को उपदफा (२) को सट्टा देहायको दफा २ को उपदफा (२) राखी समितिका अध्यक्ष र सदस्यहरूमा हेरफेर र थप गरेको छ ।

२. (२) यस समितिमा निम्नलिखित सदस्यहरू रहनेछन्:--

(क) श्री सचिव, खाद्य कृषि तथा सिचाइ मन्त्रालय – अध्यक्ष
(ख) श्री अर्थ मन्त्रालय, प्रतिनिधि – सदस्य
(ग) श्री राष्ट्रिय योजना आयोग, प्रतिनिधि – सदस्य
(घ) श्री जल विद्युत् मन्त्रालय, प्रतिनिधि – सदस्य
(ङ) श्री महानिर्देशक, सिचाइ तथा जलवायु विज्ञान बिभाग – सदस्य
(च) श्री क्षेत्रिय निर्देशक, सिचाइ तथा जलबायु विज्ञान विभाग सुदूर पश्चिमान्चल क्षेत्र – सदस्य--सचिव

आज्ञाले–
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको का. मु. सचिव

२०१

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग सिंहदरबार

702

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।